दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

**फ्याल्ट भाडामा**
बुटवल उप-महानगरपालिका-८, सुख्खानगर भानुपथमा अवस्थित सुविधा सम्पन्न 3 BHK (3 Bed Room, 1 living Room, 1 Kitchen , 1 dining, 1 Toilet, Bath Room, 1 Toilet) गाडी पार्किङ्ग सहितको भुई तल्लाको फ्याल्ट खाली रहेकोले भाडा लिन इच्छुक अफिस, गोदाम तथा ठूलो परिवारले सम्पर्क गर्नुहोला।
**सम्पर्क नं.**
**९८५७०३६७४९, ९८४७०८२०२१**

वर्ष ३६ | अंक २१९ | बुटवल | २०८१ साउन २१, गते सोमबार | नेपाल संवत ११४४ | Monday Aug.5, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# देवदहका जनप्रतिनिधिको सुविधामा एकवर्षमै एक करोड ३४ लाख

**साढे २० लाख बेरूजु पुगेको देवदहमा आर्थिक वर्ष २०७९/०८० को मात्रै ४ करोड ५३ लाख बेरूजु छ। जसमा ३ करोड १६ लाख ८५ हजार खर्चलाई नियमित गर्नपर्ने, ८४ लाख ६१ हजार खर्चको प्रमाण कागजात पेस गर्नुपर्ने र बाँकी बेरूजु असुल गर्नुपर्ने रु. ४ लाख १५ हजार रहेको छ। देवदहका पदाधिकारीको सुविधामा वर्ष दिनमा एक करोड ३४ लाख बढी खर्च भएको महालेखाको प्रतिवेदनमा उल्लेख छ। यही अनुपातले हिसाब गर्दा पाँच वर्षमा जनप्रतिनिधिको सुविधामा मात्रै पौने सात करोड खर्च हुने देखिन्छ।**

**टिआर शर्मा**
*बुटवल*

रुपन्देहीको देवदह नगरपालिकाका पदाधिकारीको सुविधामा एक वर्षमा १ करोड ३४ लाख ८९ हजार रुपैयाँ खर्च भएको छ।

जनप्रतिनिधिहरुले नगरवासीको सेवामा निस्वार्थ खटिएको भाषण गर्ने गरेपनि उनीहरुले करिब एक दर्जन शीर्षकमा सुविधा बापत रकम बुझ्ने गरेका छन्।

यस्तो सुविधा प्रदेश सरकारको ऐन अनुसार सबै पालिकाका जनप्रतिनिधिले बुझ्दै आएका छन्। आर्थिक वर्ष २०७९/०८० को बजेटमाकूल बजेट मध्ये आन्तरिक आयको हिस्सा ७.३ प्रतिशत रहेको देवदहमा पदाधिकारी सुविधामा मात्रै २५ प्रतिशत खर्च भएको हो। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७ प्रतिशत चालु र ३३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएकोबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको महालेखाको प्रतिवेदनले औंल्याएको छ।

देवदहमा नगर प्रमुख, उपप्रमुख, १२ जना वडाध्यक्ष, ८ जना कार्यपालिका सदस्य र ४३ जना नगर सभा सदस्यले बैठक भत्ता, यातायात खर्च, टेलिफोन, मोबाइल खर्च, पुस्तक, पत्रिका,ईन्टरनेट,बिद्युत उर्जा, मर्मत सम्भार, अतिथि सत्कार, जनसम्पर्क, खानेपानी, बिजुली, सरसफाई चाडपर्व र विशेष कार्य शीर्षकमा सुविधा लिने गरेका छन्। यही अनुपातले हिसाब गर्दा पाँच वर्षमा जनप्रतिनिधिको सुविधामा मात्रै पौने सात करोड खर्च हुने देखिन्छ।

२०७९/०८० को लेखा परीक्षण गर्दासम्म देवदहको बेरुजु साढे २० करोड पुगेको छ। आर्थिक वर्ष २०७९/८० मासाढे ४ करोड र त्यसअघिको १६ करोड ४ लाख ९४ हजार सहित अद्यावधिक बेरूजु २० करोड ५४ लाख ३३ हजार पुगेको हो। २०७९।८० को बेरूजुमध्ये ३ करोड रुपैयाँ बढी खर्च रकम अनियमित देखिएको छ। महालेखा परीक्षक कार्यालयको ६१ औं प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७९/०८० को एक अर्ब २१ करोड ७८ लाख ८६ हजार रुपैयाँको लेखा परीक्षण भएकोमा ४ करोड ५३ लाख २ हजार १४ रुपैयाँ बेरूजु रहेको छ। साढे ४ करोड बेरूजु मध्ये ३ करोड १६ लाख ८५ हजार खर्चलाई नियमित गर्नपर्ने, ८४ लाख ६१ हजार खर्चको प्रमाण कागजात पेस गर्नुपर्ने बाँकी बेरुजु असुल गर्नुपर्ने रु. ४ लाख १५ हजार रहेको छ।

अनियमित खर्चको ठूलो हिस्सा दरबन्दी भन्दा बढी करार कर्मचारी,स्थानीय तहको कार्यक्षेत्र बाहिरका संस्थालाई अनुदान र आमा सुरक्षा कार्यक्रममा देखिएको छ।

**९६ जना करार कर्मचारीमा ३ करोड ५० लाख खर्च**

कर्मचारी करारमा मात्रै १ करोड ४५ लाख रुपैयाँ खर्च अनियमित भएको महालेखाले औंल्याएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर देवदहले विभिन्न पदमा ९६ जना कर्मचारीहरु कर्मचारीहरु




करारमा राखि ३ करोड ५० लाख ४० हजार १७४ रुपैयाँ खर्च लेखेको छ।

ऐनको दफा ८३ (८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचेलगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था विपरीत देवदहले भूमि आयोगतर्फ ११ जना कर्मचारी करारमा राखी वार्षिक १ करोड ४५ लाख भुक्तानी गरेकोले अनियमित देखिएको महालेखाले भनेको छ।

यस्तै लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन, २०७६ मा स्थानीय तहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव/सल्लाहकार र दफा ८३ (८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्ननहुने भने पनि नगर प्रमुख ध्रुव खरेल र उपप्रमुख विद्यालक्ष्मी गुरुङले कानुनी सल्लाहकार नियुक्त गरी भुक्तानी गरेको१ लाख ८० हजार अनियमित देखिएको महालेखाले औंल्याएको छ। तर मेयर खरेलले भने आफूहरुले कुनै सल्लाहकार नराखेको बताउँदै अघिल्ला मेयरको कार्यकालदेखि एकजनाले आवश्यक पर्दा कानूनी सल्लाहकारको काम गर्दै आएका र त्यस बापत रकम दिने गरिएको बताए।

**दरबन्दी मिलान बेगर शिक्षकलाई रु.६१ लाख ८४ हजार तलब भत्ता**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका र विद्यार्थी संख्या अत्याधिक भई शिक्षक नपुग भएको अवस्थामा मात्रै पालिकाले विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने देखिन्छ।

» *बाँकी २ पेजमा*

## बुटवल-नारायणगढ सडकको ठेकेदारले काम छाड्ने संकेत



**रामकुमार श्रेष्ठ**
*नवलपरासी*

पूर्वपश्चिम बुटवल-नारायणगण सडक खण्ड अहिले निर्माणधिन अवस्थामा छ। बेला बेलामा अझैं ठूलो वर्षा हुने क्रम जारी छ। पानी पर्नासाथ सडक गाडी नै हिड्न नमिल्ने गरी सडक हिलाम्य हुने गरेको छ भने घाम लाग्ना साथ धुलाम्य हुने गरेको छ।

दुई पटकसम्म थपिएको अवधिभित्र सडक निर्माणको काम नसकिएपछि सरकारले अन्तिम पटक भन्दै सडक निर्माणको जिम्मा लिएको चाइना स्टेट कम्पनीलाई काम गर्न १ वर्ष म्याद थप गरेको छ, तर ठेकेदार कम्पनी भने बर्षा चाडपर्वलगायतको बाहना पार्दै अझैं कम्तिमा ३ महिना काम नथाल्ने पक्षमा देखिएको छ।

चाइना स्टेट कम्पनीले कात्तिक १५ पछि मात्र काम गर्ने जनाइएको छ। सडक विभागका आयोजना निर्देशक चुडाराज ढकालले ठेकेदार कम्पनीले वर्षाका कारण भन्दै कात्तिक १५ गतेदेखि मात्र कालोपत्रेसहित विस्तारको काम अघि बढाउने प्रस्ताव राखेको जानकारी दिए।

सडक विस्तार कार्य अलपत्र हुँदा एकातिर सडक छेउछाउँका बासिन्दालाई धुलोले स्वास्थ्यमा असर पर्न थालेको छ भने अर्कोतिर सडकमा भएका खल्डाखुल्डी र अलपत्र बाटोले ३ घण्टाको यात्रा ६/७ घण्टा सम्म लाग्ने गरेको छ।सडक विभागका आयोजना निर्देशक चुडाराज ढकालले भने -'वर्षाले गर्दा मर्मतबाहेक अन्य सडक विस्तारको काम कात्तिक मध्यदेखि मात्र गर्ने प्रस्ताव ठेकेदार कम्पनीले गरेको थियो, मैले कुनै पनि हालतमा हुन्न भनेर थर्काएर पठाएको छु, सायद एक डेढ हप्तामा काममा फर्कन्छ होला।' तत्काल काममा नफर्के ठेकेदार कम्पनीको म्याद थपको पत्र नदिने चेतावनी दिएको पनि उनले बताए।

उनले भने - 'हामीले अहिलेसम्म उनीहरुलाई म्याद थपको पत्र पनि दिएका छैनौं, अनेक बहाना हामीलाई स्वीकार्य छैन, तत्काल सडक विस्तारको काम नगर्ने हो भने हामी म्याद थपको पत्र दिन सक्दैनौं।

» *बाँकी २ पेजमा*

## घुस लिएर काम नगरेको भन्दै वडाध्यक्ष माथि चप्पल



भैरहवा। रुपन्देहीको गैंडहवामा वडाध्यक्षमाथि चप्पल प्रहार भएको छ। सिफारिसका लागि वडाध्यक्षले १ लाख लिएर काम नगरेको भन्दै स्थानीय महिलाले कार्यालयमै गई चप्पल प्रहार गरेकी हुन्।

काम पनि नगरेको भन्दै पैसा फिर्ता माग्दा राजकुमारी तेली र वडा नम्बर ७ का वडाध्यक्ष लालबहादुर केवट बिच भनाभन भएको थियो। जुन भिडियो सामाजिक सञ्जालमा बाहिरिएको छ। केवट जनमत पार्टीबाट निर्वाचित वडाध्यक्ष हुन्। उनले पैसा नलिएको दाबी गरे पनि महिलाले पैसा दिएको आरोप उनीमाथि लगाएकी छन्।

जग्गासम्बन्धी सिफारिसमा ३ भाइ रहेकोमा जग्गा २ भाइलाई मात्रै दिएकोमा त्यसैको दाबीका लागि वडा कार्यालय सिफारिसका लागि पुगेकी थिइन्। वडाध्यक्षले कानुन सम्मत रुपमा आफूले काम गरेको बताएका छन्। यो शुक्रबारको घटना हो।

रघुनाथ तेलीको ३ भाइ छोरा छन्। जेठो छोराले शेष बकसपत्रको दाखा नामसारीको सिफारिस, चौकिल्ला प्रमाणितका लागि ७ महिना पहिला निवेदन दिएका थिए। सो बमोजिम वडाले प्रशासन सर्जमिनका लागि फिल्डमा जाँदा अर्का भाइ जबाहिरलालप्रसाद तेलीको छोरा र श्रीमतीले मेरो पनि अंश हुनु पर्छ भनेपछि वडाको टोली फर्केको थियो।

अर्को पक्ष राजकुमारीले सिफारिस दिने भए तिनै भाइलाई दिनुपर्ने नभए नदिने भन्दै सिफारिस रोक्काको लागि निवदेन दिएको थियो। पछि मेलमिलापबाट पटक-पटक छलफलको प्रयास भयो, छलफलमा अदालतले २ भाइलाई शेष बकस पत्र गरेको फैसला गरेको प्रमाण भएको पाइएकोले नियमसंगत अदालतको फैसलाको आधारमा वडाले २ भाइलाई प्रमाणहरु दिन लाग्दा म माथि विभिन्न किसिमको आरोप लगाएको वडाध्यक्ष केवटले बताए।

कुनै पक्षबाट केही नलिएको वडाध्यक्षको दाबी छ। आवेशमा आइ वडा कार्यालयमा ताला लगाइ राजकुमारी तेली र छोरा व्रिजेशले कुटपिट र अभद्र व्यवहार गरेको केवटले बताए। अभद्र व्यवहार गरेकोले म न्यायको लागि कानुनी प्रक्रियामा गएको र कारबाहीको माग गरेको जनाए।

यता छोरा व्रिजेशले सिफारिस दिने भन्दै वडाध्यक्ष केवटले खर्चपानीको लागि केही रकम माग गरेको बताए। फोनमा डिल भयो, पैसा दिएको भिडियो पनि गरेका छौं, जसमा वडाध्यक्षको आवाज पनि प्रष्ट रहेको छोरा व्रिजेशको दाबी छ। पैसा पाए मात्रै काम गर्ने भनेकोले बेला बेलामा टर्चर समेत गरेकोले १-२ लाख दिएर जग्गा पाइन्छ भन्ने मनशायले लोभको कारण पैसा दिएको उनले बताए। हाम्रो पैसा पाएपछि हाम्रैतर्फबाट रहेपनि पछि ४ महिनापछि अर्को पक्षसँग मिलेको उनको आरोप छ।

सिफारिस अर्को पक्षलाई गएपछि पैसा लिनका लागि राजकुमारी वडाध्यक्षको घर जाँदा वडाध्यक्ष केवटले यहाँ नभइ वडा कार्यालय बोलाएका थिए। एक हप्तादेखि पैसा फिर्ताको लागि पहल गरेको र शुक्रबार वडा कार्यालयमा काम नभएकोले पैसा फिर्ता दिनका लागि कार्यालय बाहिर बोलाई आग्रह गर्दा समेत प्रमाण के छ भनि नकारेका थिए।

महिलाले आफ्नै हातबाट पैसा दिए पनि वडाध्यक्षले नलिएको बताउँदै आएका छन्। पैसा दिएको प्रमाण के छ, जे गर्न छ गरे हुन्छ भनेपछि महिलाले आक्रोश पोख्दा वडाध्यक्षले धकेलेपछि महिलाले पनि चप्पल निकालेर हानेको तेलीका छोरा व्रिजेशले बताए।



# सम्पादकीय

## नगर प्रहरीको ज्यादती बन्द गर

बुटवल उप-महानगरपालिकाका नगर प्रहरीले फुटपाथ व्यापारलाई नियन्त्रण गर्ने क्रममा ज्यादती गर्न थालेका छन् । उप-महानगरमा कार्यरत नगर प्रहरीले फुटपाथ व्यापारमा संलग्न महिलालाई कुटपिट र कपडा च्यातिदिएर दुर्व्यवहार गर्नु निन्दनीय छ। नागरिकप्रति अमानवीय व्यवहार गरेर जननिर्वाचित निकाय उत्ताउलो र गैरजिम्मेवार हुनु लोकतन्त्रको उपहास हो ।

फुटपाथ व्यापारलाई मनपरी गर्न दिने होइन्, व्यवस्थित गर्नुपर्छ। समय र ठाउँ तोकेर फुटपाथ व्यापारलाई व्यवस्थित गर्नुपर्छ। तर फुटपाथ व्यापारलाई निषेध गर्ने गरी चालेका कदम गलत छन् । फुटपाथ व्यापार निषेध गर्दा नै शहर व्यवस्थित हुने होइन । शहरमा सबै खालका व्यक्ति बस्न सक्दा नै गुल्जार हुने हो । शहरमा धनी र हुने खाने मात्रै बस्ने हो भने के शहर के होला ? गरिब र काम गरेर खाने वर्ग शहरमा टिक्नै सक्तैन भने त्यो शहरको आर्थिक गतिविधि चलायमान नहुन सक्छ । निश्चित वर्गका मान्छेको बसोबास हुने भएपछि विपन्न र सीमान्तकृत समुदाय अवसर र कामको खोजीमा अन्यत्र जान्छन् । त्यो बेला शहरमा फोहर नउठ्न सक्छ । साना पसलहरु नचल्न सक्छन् । ठूला डिपार्टमेन्टल स्टोर र होटलमा पनि खोजे जस्ता मजदुर नपाइन सक्छन् । शहरलाई साँच्चिकै शहर बनाउने काम गरिब र विपन्न वर्गले गर्ने काम र मिहिनेतले हो । काम र अवसरको खोजीमा शहर आएकाहरुलाई टिक्नै नदिने हो भने कसरी शहर बन्छ ? योजनाबद्ध विकास गर्न ध्यान नदिँदा हाम्रा शहर कुरूप र अस्तव्यस्त छन् । सफा, हराभरा र सबै खाले पूर्वाधार व्यवस्थित भएका ठाउँ नै सुन्दर शहर हुन्छन् । तर शहरमा योजनाबद्ध पूर्वाधारको विकास नगर्ने, योजनाका आधारमा भन्दा वर्षैंपिच्छे मागका आधारमा योजना अघि बढाउने प्रवृत्तिले शहरलाई झनै भद्रगोल र अव्यवस्थित बनाएको छ ।

अब शहरलाई व्यवस्थित बनाउने योजना बनाऔं । बुटवल व्यवस्थित शहर बनाउने योजना अघि सारौं । छाडा गाईवस्तुको दिगो व्यवस्थापन गरौं । ढल व्यवस्थित नहुँदा वर्षा हुँदा सडकमा भेल बग्छ । पार्किङ नहुँदा मुख्य शहरमा उपभोक्ता छिर्नै नसक्ने भद्रगोल भएको छ । व्यापारिक शहर बुटवलको व्यापार दिनप्रतिदिन खस्केको छ । यी समस्याको समाधानको प्रयास खोई ? बिहान-साँझको गास जुटाउन र केटाकेटीको पढाइ खर्च जोहो गर्न सडकमा फलफूल बेच्ने महिलामाथि भएका हर्कत केवल केही व्यापारीको उक्साहटमा भएका हुन् । लोकतन्त्र र विधिको शासनका कुरा गर्नेहरुलाई हेक्का रहोस्, नागरिकको असन्तुष्टि चुलिँदै जाँदा जनताको मतले शासनमा पुगेकाहरु नै असन्तुष्टिको पहिलो निशासानमा पर्नेछन् । जनमत सबैभन्दा ठूलो विषय हो, लोकतन्त्रमा नागरिकले शासकबाट सम्मान र अपनत्व खोजिरहेका हुन्छन् । सडकमा लखेटी लखेटी गरिब नागरिकलाई कुटेर ज्यादती गर्दा तरमारा वर्ग खुशी होला, तर नागरिकको ठूलो पंक्ति असन्तुष्ट हुनेछ । गरिबलाई काम गरेर खान देऊ, त्यो नै लोकतन्त्रप्रतिको सम्मान हो ।

# देवदहका जनप्रतिनिधिको सुविधामा ....

| | | अध्यक्ष | उपाध्यक्ष | | | जना | |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | | | | | | |
| २ | यातायात खर्च | १३२००० | ० | १५८४००० | ६७२००० | १८०६००० | ४१९४०० ० |
| ३ | टेलिफोन,मोबाइल | ४४०० ० | ४४००० | १०८००० | २२०००० | ११८२५०० | १५९८५० ० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ५५०० ० | ५५००० | ५२८००० | २६४००० | ९४६००० | १८४८०० ० |
| ५ | जनपर्तिनिधि विद्युत उर्जा खर्च सुविधा र मर्मत सम्भार | | | | | | |
| ६ | जनपर्तिनिधि जनसम्पर्क/ विशेष कार्य सुविधा | १४३० ०० | ८८००० | ९२४००० | ५३९००० | | १६९४०० ० |
| ७ | अतिथि सत्कार | ७७०० ० | ६६००० | ७९२००० | ० | ० | ९३५००० |
| ८ | खानेपानी/बिजुली/ सरसफाई | ५५०० ० | ५५००० | ० | ० | ० | ११०००० |
| ९ | चाडपर्व खर्च | १५०० ० | १५००० | १८०००० | १०५००० | ६४५००० | ९६०००० |
| | जम्मा | ५२१० ०० | ३२३०० ० | ४११६००० | १८००००० | ४५७९५०० | ११३३९५ ०० |

तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई शिक्षक विद्यार्थी अनुपात वेगर तथा दरबन्दी मिलान बेगर पालिकाले १२ मा.वि. शिक्षकको नाममा वार्षिक रु.६१ लाख ८४ हजार १४९ तलब भत्ता भुक्तानी गरेको छ। यसरी स्वीकृत दरबन्दी भित्र नपरेका तथा शिक्षक विद्यार्थी अनुपात वेगर र दरबन्दी मिलान बेगर न्यून विद्यार्थी रहेको विद्यालयमा समेत अनुदान खर्च लेखेको रकम नियमसम्मत नदेखिई अनियमित भएको भन्दै महालेखाले प्रश्न उठाएको छ। ऐनमा अनुगमन भत्ता सम्बन्धमा कुनै व्यवस्था नरहेको र दफा १४ मा यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरे विपरीत पालिकाले योजना तथा कार्यक्रम अनुगमन भत्ता बापत ४ लाख २६ हजार खर्च लेखेर अनियमित गरेको प्रतिवेदनमा छ।

स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ (ख) मा कसैले पनि कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै व्यक्तिलाई करारमा वा ज्यालादारीमा नियुक्त गर्न नपाइने व्यवस्था विपरीत दरबन्दी अनुसारको जनशक्ति रहेको अवस्थामा समेत अ.हे.व. र अ.न.मि.गरी ९ जना बढी कर्मचारी काजमा राखीराज्यलाई वार्षिक ४९ लाख ४२ हजार ८७६ बढि व्ययभार पारेको खर्च नियमसम्मत नदेखिएको महालेखाले औंल्याएको छ।

आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रममा स्वास्थ्य संस्थालाई प्राप्त हुने इकाई मुल्य बापतको रकमबाटै सेवाग्राही आवश्यक पर्ने सम्पूर्ण प्रयोगशाला जाँच, औषधी, उपकरण र सामान खरीद गरी सेवाग्राहीलाई अनिवार्य रुपमा निःशुल्क सेवा उपलब्ध गराउनु पर्ने व्यवस्था विपरीत देवदहले यो शिर्षकमा१ करोड ५१ लाख १५ हजार विनियोजन भएकोमा देवदह मेडिकल कलेजलाई १ करोड ३९ लाख ३० हजार २८४ रुपैयाँ खर्च गरेको छ। नगरपालिकाले २०८० असार २४ मा मात्र मेडिकल कलेजसँग सेवा दिने सम्झौता गरेकोमा सम्झौता अवधि भन्दा १२ महिना अगाडिदेखिको भुक्तानी गर्नेगरी सम्झौता गरी भुक्तानी दिएको पाइएकोले यो नियमसम्मत नदेखिएको महालेखाको प्रतिवेदनले भनेको छ। मेडिकल कलेजले मासिक रुपमा भरेको फर्मको आधारमा वर्षान्तमा एकमुष्ठ भुक्तानी दिएकोमा सो तथ्यांकलाई पुष्टिगर्ने आधिकारिक प्रमाण पेश नभएको साथै पालिकाको कुनै प्रतिनिधिले साप्ताहिक, मासिक वा त्रैमासिक रुपमा अनुगमन गरेको वा कुनै कागजातमा सिफारिस गरेको समेत नभएको महालेखाको प्रतिवेदनमा छ।

यस्तै स्थानीय तहको कार्यक्षेत्र बाहिर गएर देवदह आदर्श बहुमुखी क्याम्पसलाई बस खरिदका लागि सार्वजनिक खरिद ऐन विपरीत २५ लाख र ४ लाख ५० हजार गरी २९ लाख ५० हजार दिनु अनियमित भन्दै महालेखा कार्यालयले प्रश्न उठाएको छ। २०८९।८० को लेखा परीक्षण हुंदाको अवधिसम्म बस खरिद नभएको भन्दै महालेखाले प्रश्न उठाएको थियो । तर मेयर खरेलले भने समुदायबाट चलेको क्याम्पस भएकाले नगरको दायित्व हुने भन्दै व्यवहारिकता हेरेर रकम दिएको बताए । यस्तै सोही क्याम्पसलाई प्रयोगशाला उपकरण खरिदको लागि प्रदेशको वजेटबाट ५ लाख अनुदान दिएकामा क्याम्पसले सो सामानको जिन्सी दाखिला गरेको विवरण पेश गरेको नपाइएको तथा पालिकाबाट सो सामानहरूको अनुगमन गरी प्रतिवेदन पेश नगरेको र सोही क्याम्पसलाई नगर प्रमुख सम्बोधी कार्यक्रमबाट २ लाख ४० हजार दिइएको विषयमा पनि महालेखाले अनियमित भएको औंल्याएको छ।

स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई शिक्षकविद्यार्थी अनुपात वेगर तथा दरबन्दी मिलान वेगर पालिकाले १२ जना मा.वि. शिक्षकको नाममा वार्षिक शिक्षक तलब भत्तामा ६१ लाख ८४ हजार १४९ रुपैयाँ खर्च गरेको विषयलाई पनि महालेखााले अनियमित भनेको छ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा ६ लाख २२ हजार १६८ रुपैयाँ अनियमित देखिएको छ । बालविकास शिक्षक तालिममा भएको ४ लाख ९७ हजार रुपैयाँ खर्चलाई पनि महालेखाले अनियमित भनेको छ।

प्रमाण पेश नगरेको खर्चहरुमा७ वटा विद्यालयका आईसीटी, विज्ञान प्रयोगशाला व्यवस्थापन आदि शीर्षकमा भएको ४५ लाख ४९ हजार रुपैयाँ, शिक्षण सिकाइ सामग्री अनुदानको १३ लाख ५० हजार, देवदह आदर्श वहुमुखी क्याम्पसलाई अनुदान ५ लाख, सीता माविलाई बस खरिद अनुदानको ५ लाख, कोटही आधारभुत विद्यालयको अनुदान ९ लाख ६० हजार लगायतका खर्चको प्रमाण पुग्ने कागजपत्र पेश नभएको महालेखाको महालेखाको प्रतिवेदनमा उल्लेख छ।

निर्धारित शिर्षकमा खर्च नगरी अन्य शिर्षकमा खर्च, सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड नबनाएको, अनुगमन मूल्यांकन प्रतिवेदन तयार नगरेको समस्या महालेखाले औंल्याएको छ।

यस्तै कोटाही आधारभूत विद्यालयको कम्पाउण्ड वाल निर्माणको लागि लागत अनुमान तयार गरीसम्झौता गरेको र उपभोक्ता समितिले कार्यसम्पन्न भएको जनाई रु.११लाख३४हजार ७ सय १३ रुपैयाँको बिल भरपाइ पेश गरेको आधारमा पालिकाले ९ लाख ६० हजार विद्यालयलाई भुक्तानी दिएको छ। सो वाल निर्माणमा माटो खन्ने काम २५ हजार ७ सय २५ को मात्रै भएको तथा अन्य मेशिनबाट हुने कार्य नभएकोमा डिजेल खरीद २ लाख ३ हजारको गरेको जनाइ बिल पेश गरेको आधारमा पालिकाले भुक्तानी दिएको छ । पालिकाले सो योजनामा अनुगमन गरेको प्रतिवेदनमा योजना अनुगमन समितिका ७ जना तथा आमन्त्रित १ जना गरी ८ जना सदस्य रहेकोमा दुई जनाले मात्र कार्यसम्पन भएको हस्ताक्षर गरेको र अन्यको खाली रहेको छ। यसरी खर्च दाबी नपाउने रकम दाबी गरेको तथा अनुगमन समितिको गणपुरक संख्या समेत सहभागिता नदेखिएको रकमको कार्यमूल्याङ्कन यथार्थपरक नभएको महालेखाले औंल्याउँदै ९ लाख ६० हजार खर्चको प्रमाण पुग्ने कागजात नभएको औंल्याएको छ।

**वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था विपरीत नगर प्रमुख सम्बोधित कार्यक्रममा ४० लाख र नगर उपप्रमुख सम्बोधित कार्यक्रममा ३० लाख बजेट राखेर विभिन्न योजनामा ६२ लाख ८७ हजार ३८१खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको हुंदा वित्तीय अनुशासन र पारदर्शिता कायम नभएको महालेखाले औंल्याएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था विपरीत देवदहले नगरपालिका पूँजिगत शिर्षकबाट २४ सय २२ थान कम्पोष्ट विन खरिद गरी समृद्ध देश निर्माण प्रा.लि.लाई ४३ लाख ७० हजार ७५४ रुपैयाँ भुक्तानी दिएको छ। खरिद गरेको सामग्री पालिकाले बडाहरुमा बितरणको लागि पठाएकोमा वितरण गरेको ठाडो भर्पाई विवरण पेश भएतापनि प्रमाणित भरपाई पेश भएको छैन । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा पालिकालाई प्रतिफल प्राप्त नहुने भएकाले वितरणमुखी खर्चलाई नियन्त्रण गर्न महालेखाको प्रतिवेदनले भनेको छ।

**सुशासनमा ०.०१ प्रतिशत बजेट**

देवदहले कूल वजेटको सबैभन्दा कम हिस्सा अर्थात् ०.०१ प्रतिशत मात्रै सुशासन र अन्तर सम्बन्धित क्षेत्रमा विनियोजन गरेको छ।

सामाजिकमा ४४.१ प्रतिशत, आर्थिक विकासम ४.५प्रतिशत, पूर्वाधारमा २३.८३ प्रतिशत, वातावरण र विपदमा् ०.९६प्रतिशत, संस्थागत विकास सेवा प्रवाहमा ५.२४ प्रतिशत, कार्य सञ्चालन प्रशासनिक खचर्मा २१.४ प्रतिशत बजेट विनियोजन गरेको देवदहले सुशासनलाई प्राथमिकतामा नराखेको महालेखाको प्रतिवेदनले औंल्याएको छ।

बेरुजू दर घटाउन, सुशासन कायम गर्न र अनियमित खर्चलाई नियमित गर्नसुशासन र अन्तर सम्बन्धित क्षेत्रमा लगानी बृद्धि गर्नुपर्ने सुशासनविद्हरु बताउँछन् ।

**महालेखाले औंल्याएका कमजोरी :**

नायब महालेखा परीक्षक घनश्याम पराजुलीले देवदहको स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको औंल्याए ।

यस्तै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको, स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा तयार नगरेको,दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको कमजोरी औंल्याएर सुधार्न महालेखाले भनेको छ।

यस्तै स्थानीय तहले कार्यक्रम सञ्चालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य सञ्चालन निर्देशिका स्वीकृति गरी सोकोपालना नगरेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको, भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरे नगरेको लगायत छन् ।

लेखा परीक्षण भएको वर्षको वजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतमा प्रदीप पौडेल र त्यसपछि कृष्णप्रसाद सापकोटा (हालसम्म) तथा लेखा प्रमुखमा निरज पौडेल रहेका छन् । देवदहमा मेयर र उपमेयर दुबै नेकपा एमालेका छन् ।

## हैजा सङ्क्रमण : कुन उमेर समूह बढी प्रभावित ?



नेपालभर पछिल्लो पटक २५ जनामा हैजा पुष्टि भएको छ। सरकारी तथ्याङ्कले सबै उमेर समूहकालाई हैजा सङ्क्रमण हुन सक्ने देखाएको छ। उमेरको तुलना गर्दा युवा र बालबालिकाहरू बढी प्रभावित देखिन्छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडीसीडी) का अनुसार ललितपुरको गोदावरी, ग्वार्को, इमाडोललगायत क्षेत्रका १६ जनामा हैजा देखिएको छ। काठमाडौंको टोखाका १ जना गरी उपत्यकामा १७ जनामा हैजा सङ्क्रमण भएको छ।

यसमध्ये ५ देखि १४ वर्ष उमेरका १ जना, १५ देखि २४ वर्ष उमेर समूहका ५ जना, २५ देखि ३४ वर्ष उमेर समूहका ३ जनामा हैजा देखिएको छ। यस्तै, ३५ देखि ४४ वर्ष उमेरका १ जनामा , ४५ देखि ५४ वर्ष उमेर समूहका ५ जना र ५५ देखि ६४ उमेर समूहका २ जनामा हैजा देखिएको छ।

यस्तै, कैलालीका ८ जनामा हैजा सङ्क्रमण देखिएको छ। यसमध्ये ४ वर्ष मुनिका १ जनालाई हैजा देखिएको छ। यस्तै, ५ देखि १४ वर्ष उमेर समूहका ५ जनामा हैजा भेटिएको छ भने, १५ देखि २४ वर्ष उमेर समूहका १ जनामा हैजा देखिएको छ। २५ देखि ३४ वर्ष उमेर समूहका १ जनामा हैजा सङ्क्रमण भएको इडीसीडीको तथ्याङ्क छ।

सङ्क्रामक रोग विशेषज्ञ डा. शेरबहादुर पुनका अनुसार हैजा सबै उमेर समूहकालाई हुन सक्छ। तर तुलनात्मक रूपमा जसको रोग प्रतिरोधात्मक क्षमता कम हुन्छ ऊ नै बढी प्रभावित हुन सक्छ।

**काठमाडौं उपत्यकामा महिलाभन्दा पुरुष धेरै संक्रमित**

देशभर महिलाभन्दा बढी पुरुषलाई हैजा सङ्क्रमण भएको पाइएको छ। देशभर २५ जना हैजा सङ्क्रमितमध्ये १५ जना पुरुष छन् भने, १० जना महिला छन्। काठमाडौं उपत्यकाभरका १७ जनामा देखिएका हैजामध्ये ११ जना पुरुष र ६ जना महिला छन्।

यस्तै, कैलालीका ८ जनमध्ये सङ्क्रमित संख्या महिला र पुरुषको संख्या बराबरी रहेको इडीसीडीले उल्लेख गरेको छ।

पानीमा दिसाजन्य पदार्थको मिश्रण हुँदा मानिसमा हैजा देखिने गर्दछ । निर्मलीकरण गरेको पानी मात्रै पिउन, खाने कुरामा र व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिन डा. पुनको सुझाव छ।

## औषधीभन्दा फाइदाजनक काँचो केरा

पाकेको केराबाट हुने फाइदा प्रायः हामी सबैलाई थाहा नै छ। हुन सक्छ प्रायः मान्छेहरु पाकेको केरा दैनिक रुपमा खाने गर्दछन् । पाकेको केरा प्रायः सबैले मन पराउँछन् र खान्छन् पनि । पाकेको केरा जसरी खान पनि सकिन्छ । तर काँचो केरा सीमित मान्छेहरुले खान्छन् । तरकारी वा कोफ्ता बनाउन यसको प्रयोग गरिन्छ।

तर काँचो केराको फाइदाको बारेमा हामीलाई त्यति थाहा छैन। थाहा पाइराख्नुहोस् यसका फाइदाहरु ।

काँचो केरामा पोटासियमको मात्रा धेरै हुन्छ, जसले पाचन क्रियालाई पनि सजिलो बनाउँछ। काँचो केरा खाँदा हामीलाई दिनभरी फुर्तिलो महसुस हुन्छ। यसमा भिटामिन बिसिक्स, भिटामिन सी हुन्छ जसले कोषहरुलाई पोषण दिने काम गर्दछ । यसलाई हामी नियमित रुपमा प्रयोग गर्न सक्छौं । जानौं नियमित रुपमा काँचो केरा खाँदा हुने फाइदाः

१. तौल घटाउन मद्दत गर्ने ।

हामीहरु त्यस्तो औषधीको खोजीमा हुन्छौं, जुनबाट तौल घट्छ। तर अब नआत्तिनु होस्। यदि तपाईं साँच्चिकै तौल घटाउन चाहनुहुन्छ भने दैनिक काँचो केरा खाने गर्नुहोस्। यसले अनावश्यक बोसो बढ्न दिँदैन।

२. कब्जियत समस्यामा राहत पुऱ्याउँछ

काँचो केरामा फाइबर तथा स्वस्थ स्टार्च पाइन्छ । जसले पेटमा हुने अशुद्धिकरणलाई जम्न दिँदैन। यदि तपाईं कब्जियतको समस्याबाट पीडित हुनुहुन्छ भने काँचो केरा खाने गर्नुहोस् । बजारमा पाइने केमिकल मिसिएको औषधिको प्रयोग गर्नु भन्दा सयौं गुणा फाइजनक हुन्छ यो।

३.भोक लागेको शान्त पार्न

यसमा हुने फाइबर तथा प्रशस्त मात्रामा हुने पोषण तत्वका कारण हामीलाई एकदम भोक लागेको समयमा काँचो केरा खाइयो भने भोक नियन्त्रण हुन्छ। कहिलेकाहीँ व्रत बसेको समयमा काँचो केरा खायौं भने भोक लागेको महसुस हुँदैन।

४. मधुमेह नियन्त्रण गर्न

आजभोली उमेर नै नपुगे पनि मान्छेहरुलाई मधुमेह भएको हुन्छ। मधुमेहका बिरामीहरुलाई यसले ठूलो सहयोग पुऱ्याउँछ । काँचो केरा मधुमेहका बिरामीहरुको लागि अचुक औषधी हो ।

५. काँचो केराले सजिलोसँग पचाउन सक्ने क्षमता प्रदान गर्दछ । यसलाई नियमित खानाले हामीलाई धेरै फाइदा पुग्छ।

६. काँचो केराले हाम्रो हड्डीलाई पनि बलियो बनाउन पनि मद्दत पुऱ्याउँछ।



# जग्गाधनी पुर्जाको पर्खाइमा गिजराबस्तीवासी



राँझा (बाँके) । बाँकेको खजुरा गाउँपालिका-६ सिमलघारीस्थित गिजराबस्ती ४० वर्षदेखि जग्गाधनी पुर्जाविहीन अवस्थामा छ ।

विसं २०३८ देखि बसोबास गर्दै आए पनि अहिलेसम्म लालपुर्जा पाउन नसकेको स्थानीयको भनाइ छ । वर्षौंदेखि बसोबास गर्दै आए पनि जग्गाधनी लालपुर्जा नपाएका कारण घरयासी कामलगायत बालबालिकाको शिक्षामा प्रत्यक्ष असर परेको स्थानीय सुनिता विकले बताइन ।

"वर्षौं भयो यहाँ बस्न थालेको तर लालपुर्जा नपाउँदा कुनै दिन उठेर जानुपर्ने हो कि भन्ने डर लाग्छ", सुनिताले भनिन्-यो, "हामी बस्दै आएको जमिन किन्न हामी तयार छौँ, तर यसमा विचौलिया लगाउने र राजनीति हुनुभएन ।" गिजरा सुकुम्बासी बस्तीमा अहिले हरेक घरघरमा बिजुली पुगिसकेको छ । टोलटोलमा पक्की सडक बनिसकेका भए पनि आफूहरु बसोबास गर्दै आएको जमिनको जग्गाधनी पुर्जा नपाउँदा गिजराबस्तीवासीहरु निराश बन्दै गएको सुनिताको भनाइ छ ।

बस्तीमा पटकपटक नयाँनयाँ मान्छे बस्तीमा रहेको जग्गाको लालपुर्जा आफ्नो नाममा भएको भन्दै पुग्ने गरेका छन् । गत बिहीबार पनि तीन व्यक्तिहरु लालपुर्जा देखाउँदै बस्तीमा पुगेपछि आफूहरुले लखेटेको स्थानीय फूलमाया विकले बताइन ।

"राजनीतिक दलहरुले हरेक चुनावमा लालपुर्जा दिने आश्वासन दिँदै आएका छन्, भोट हालेर नेतालाई चुनाव जितायो, तर हाम्रो काम हुँदैन,", स्थानीय दीपा सुनारले भनिन्-"हामीले जिताएका नेता अहिले वडाध्यक्ष, गाउँपालिका अध्यक्ष छन्, काम भने हाम्रो पक्षमा हुन सकेको छैन ।" गिजराको सुकुम्बासी बस्ती खजुरा गाउँपालिकाको निर्वाचनमा हारजीतको निर्णायक भोट बन्दै आएको छ ।

निर्वाचनका बेला उम्मेदवार हुनेले घरमै पुगेर सुकुम्बासी समस्या अन्त्य गर्ने कुरामा आश्वस्त भएर भोट हाल्ने गिजराबस्ती राजनीतिक दलको चुनावी एजेण्डामा सीमित बन्दै आएको छ । गिजराबस्ती क्षेत्रमा करिब तीन हजार घरधुरी रहेको बस्ती बसेको छ । बस्ती बसेको ४० वर्ष बढी समय भइसक्दा पनि स्थानीय जनप्रतिनिधिले बस्तीका बासिन्दाको गुनासो सुन्नुको सट्टा उल्टै जग्गा दलालको प्रलोभनमा परी बस्ती खाली गर्ने र बस्तीको जग्गा किनबेचमा लागिरहेको स्थानीय अगुवा तुलाराम घिमिरेको आरोप छ ।

"निर्वाचनकाबेला वाचा र प्रतिबद्धता गर्ने उम्मेदवारले चुनाव जितेपछि वर्षौंदेखिको गिजराबस्तीको समस्यामा चासो देखाएनन्", उनले भने- "चुनाव जितेपछि कोही पनि गिजरा बस्तीमा छिर्दैनन्, जनप्रतिनिधिले बस्तीका बासिन्दाको गुनासो सुन्नुको साटो जग्गा दलालको प्रलोभनमा परी बस्ती खाली गर्ने र बस्तीको जग्गा किनबेचमा लागिरहेका छन् ।" गिजरा क्षेत्रमा ऐलानी, खाडसारी र नम्बरी गरेर झण्डै पाँच सय बिघा जमिन रहेको छ । विसं २०२१ मा गिजरामा खाडसारी चिनी मिलका नाममा एक सय ८० बिघा र साँढेपालनका नाममा तीन सय २० बिघा ऐलानी जग्गा थियो ।

"गिजरामा कुनैबेला चिनी मिल सञ्चालनमा थियो, जहाँ प्रशस्तमात्रामा उखुखेती गरिन्थ्यो, उखुखेती गर्ने किसान सानासाना छाप्रा बनाएर बस्ने गर्दथे", स्थानीय विनोद शाहीले भने-"पछि आएर उखुखेती गर्नेमध्येको करिब एक सय बिघा जग्गा टण्डन परिवारका नाममा गएको देखिन्छ, सोही जग्गालाई २०५२ सालपछि तत्कालीन माओवादीले कब्जाको घोषणा गरेको थियो ।"

गिजराबस्तीको ३३ बिघा बढी जग्गा टण्डन परिवारका नामबाट विभिन्न व्यक्तिहरूका नाममा नामसारी भइसकेको छ । उक्त जग्गामा अहिले पनि पूरै सुकुम्बासी बस्ती रहेको छ । गिजरावासीहरूले अहिले पनि गाउँपालिकामा घरकर र विद्युत् कार्यालयमा विद्युत् महसुल पनि बुझाउँदै आइरहेको शाहीले बताए ।

आफ्नो नाममा नामसारी भएको जग्गा खोज्दै गिजरा पुग्ने विभिन्न व्यक्ति र स्थानीयवासीबीच पटकपटक झडप हुने गरेको छ । गिजरा बस्तीको समस्या सकेसम्म सधैँका लागि हल गर्नका लागि गाउँपालिकाले पहल गरिरहेको गाउँपालिकाका अध्यक्ष डम्बर विकले जनाए ।

गिजरा बस्तीवासी र जग्गा धनीका बीचमा तत्काललाई गिजराको जग्गा किनबेच गर्न नपाइने, किनबेच गरे पनि बस्तीका बासिन्दाबाहेक अरुलाई बेच्न नपाइने र गिजरा जग्गा विवाद समिति गठनगरी सोही समितिको निर्णयअनुसार अघि बढ्नेगरी छलफल भएको गाउँपालिकाका अध्यक्ष विकले बताए । रासस


## नेपाल रेडक्रस सोसाइटी
पाल्पा जिल्ला शाखा

### ब्लड बैंकका लागि सामग्री खरिद सम्वन्धी सिलबन्दी बोलपत्र आव्हान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१।४।२१

नेपाल रेडक्रस सोसाइटी पाल्पा जिल्ला शाखा अर्न्तगत ब्लड बैंक संचालनका लागि सामग्रीहरु बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकाले ईच्छुक भ्याटमा दर्ता भएका सर्जिकल सप्लार्यस तथा मेडीकल सामग्री सप्लाई गर्न इजाजत प्राप्त फर्मले आफ्नो फर्म दर्ता प्रमाणपत्र, इजाजत पत्र, २०८०।८१ को कर चुक्ता प्रमाणपत्र , नागरीकताको प्रमाणपत्र हरुको प्रतिलिपि सहित सामग्रीको स्पेसीफीकेशन र मूल्य सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । बिस्तृत बिवरण कार्यालयको सूचनापाटीमा टाँस गरीएकोछ ।


**बुटवल...**

यही साउन ८ गते सरकारले चिनीयाँ ठेकेदार कम्पनीको म्याद तेस्रो पठक ८ गतेदेखि नै लागू हुने गरी साउन १० गते एक वर्ष थप गरेको थियो । सडक निर्माण कम्पनीले गत बैशाखको अन्तिम सातादेखि आफूहरुसँग पैसा नभएको भन्दै काम रोकेको थियो । जसले गर्दा यो वर्षामा यात्रुहरुलाई यात्राको क्रममा निकै सास्ती भोग्नु पर्‍यो ।

स्थानीय बासिन्दाहरुले भने ठेकेदार कम्पनीले समयमै काम सुरु गरेर समयमै सक्नु पर्ने पक्षमा छन् । स्थानीय बासिन्दा लक्ष्मी श्रेष्ठले भने- 'वर्षा, दसैं तिहारको बाहाना बनाएर कात्तिकसम्म काम नगर्ने अनि बैशाख लाग्दा नलाग्दै फेरि वर्षा लाग्यो भनेर काम नगर्ने । यो भनेको काम नगर्ने बाहाना हो ।'

सरकारले म्याद थपे लगतै ठेकेदार कम्पनी सडकमा काममा व्यस्त देखिनु पर्नेमा अहिले म्याद थपिए पनि सडकमा ठेकेदार कम्पनीको उपस्थिति छैन । म्याद थपिँदा पनि सडकमा कामदार नदेखेपछि जिल्ला प्रशासन कार्यालय नवलपुरले चिनीयाँ ठेकेदार कम्पनीको कार्यालय गैंडाकोटमा छड्के अनुगमन गरेको छ । अनुगमनका क्रममा कार्यालयमा एक जना गार्डबाहेक कुनै कर्मचारी नभेटिएको नवलपुरका प्रमुख जिल्ला अधिकारी अरुण पोखेलले जानकारी दिए ।

'म्याद थपिएको यत्रो दिन हुँदा पनि सडकमा कुनै गतिविधि नदेखिएपछि अनुगमनका लागि छड्के निरीक्षण गरेका थियौं, तर सबै कर्मचारी काठमाडौं गएर बसेका रहेछन्, कार्यालय एक जना गार्डको भरमा रहेछ ।' कार्यालय कर्मचारीविहिन भएपछि ठेकेदार कम्पनीलाई कार्यालयमा र सडकमा उपस्थित नहुनुको करणसहित स्पष्टिकरण सोधेको प्रजिअ पोखेलले बताए ।

सडक आयोजना उभियो ठेकेदारका पक्षमा सबै तिरबाट तत्काल सडक विस्तारको काम अघि बढाउनु पर्ने आवाज उठिरहेका बेला सठक आयोजना पूर्वी खण्ड भने ठेकेदारकै पक्षमा उभिएको छ । पूर्वी खण्डका सडक आयोजना प्रमुख आशिष थापाले अवको दुई अढाइ महिना खासै द्रुत रुपमा काम गर्ने मौसम नभएको प्रतिक्रिया दिए ।

'साउन भदौमा कतिबेला पानी पर्छ भन्नै सकिन्न, त्यसैले काम हुने अवस्था पनि रहेन, असोज लागेपछि दशै तिहारको माहोल हुन्छ, आयोजना प्रमुख थापाले भने - 'त्यसैले अव तिब्र गतिमा काम हुने भनेको कात्तिक १५ पछि हो ।'

बर्खाका कारण यो समयमा सडक कालोपत्र र विस्तारको काम नभए पनि पर्खाल निर्माण र मर्मतको काम भइरहेको नारायणगढ-बुटवल सडक आयोजना पूर्वी खण्डका इञ्जिनियर शिव खनालको दाबी छ ।

'सडक विस्तारको काम पूर्ण रूपमा बन्द छ भन्न त मिल्दैन, तर यो समयमा सडक कालोपत्रबाहेकको सामान्य पर्खाल निर्माण र खाल्डाखुल्टी मर्मतका लागि पूर्वी खण्डमा ६४ जना कामदार खटिएका छन् ।'- उनले भने । तर उनले भने जस्तो सडकमा अहिले कामदार भने देखिंदैनन् ।

सडकको भौतिक प्रगति अहिले पूर्वी खण्डमा ५२ प्रतिशत रहेको इञ्जिनियर खनालले जानकारी दिए । एक सय १३ किमी सडकमध्ये ७० किमी चार लेन, २९ किमी चार लेनसहित दुवैतर्फ छरछ मिटरको सर्भिस लेन, दाउन्नेमा १४ किमी तीन लेन, ६४ पुल, चार सय ६२ कल्भर्टलगायत संरचना निर्माण गर्नेगरी ठेक्का सम्झौता भएको यो आयोजनामा हालसम्म २६ दशमलव पाँच किमी चार लेन र २२ किमी दुई लेन सडक कालोपत्र, ४२ पुल र तीन सय ८० कल्भर्ट निर्माण गरिएको छ ।

विसं २०७९ साउन २२ मा सडक विस्तारको काम सम्पन्न गर्नेगरी २०७५ साल चैतमा यस सडक विस्तारको शिलान्यास गरिएको थियो । सडक विस्तारको काम समयमै सम्पन्न नहुँदा यो सडकखण्डको यात्रा निकै कष्टकर हुने गरेको छ । घाम लाग्दा धुलो र वर्षामा हिलोले गर्दा यो सडकखण्डको यात्रा अति कष्टकर हुने गरेको हो । सडक यही अवस्थामा रहे ठूलो चाड दसैं


## सूचना । सूचना ।। सूचना ।।।

नेपाल नेत्र ज्योति संघ, रुपन्देही शाखाद्धारा संचालित आँखा अस्पताल तथा विभिन्न आँखा उपचार केन्द्रहरुको लागि मिति २०८१ जेष्ठ २२ गते विभिन्न पदहरुमा करारमा कर्मचारी पदपुर्ति गर्नुपर्ने सूचना प्रकाशित भएकोमा सो पदहरुको लिखित परिक्षा निम्न मिति,समय र स्थानमा हुने व्यहोरा सम्बन्धित परिक्षार्थीलाई जानकारी गराइन्छ ।

**लिखित परिक्ष मिति** : २०८१ श्रावण २६ गते, शनिवार
**समय** : बेलुका ४:०० वजे देखि ५:०० वजे सम्म
**स्थान** : भैरहवा नमूना उच्च मा.वि., भैरहवा,रुपन्देही
**प्रवेश पत्र वितरण मिति**: २०८१/०४/२३ गते बुधबार बिहान १०:०० बजेदेखि

**नेपाल नेत्र ज्योति संघ**
रुपन्देही शाखा



## शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश नेपाल

### नदीजन्य पदार्थ बिक्रीका लागि विद्युतीय बोलपत्र आह्वान सम्बन्धी सूचना ।

( प्रथम पटक प्रकाशित भएको मिति २०८१/४/२१)

यस शिगतगंगा नगरपालिका वडा नं. ८ रनसिङ खोला किनार तिनखण्डे जुरौनी क्षेत्रमा रहेको तपशिल बमोजिमको नदीजन्य पदार्थ शितगंगा नगर कार्यपालिकाको निर्णय बमोजिम जे जस्तो अवस्थामा छ सोही अवस्थामा ठेक्का बढाबढबाट बिक्री गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही इच्छुक मूल्य अभिवृद्धि करमा दर्तावाला व्यवसायी/फर्महरुले बोलपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) रा.ब.बैंक ठाडा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३३८०१००३०१०१०००३ मा दाखिला गरी खरिद गर्नु पर्नेछ । बोलपत्र दाताले आफुले कवोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई कवोल रकमको (मु.अ.कर बाहेक) ५५ का दरले हुन आउने धरौटी रकम यस शितगंगा नगरपालिकाको नाममा रा.वा. बैंक, ठाडा शाखामा रहेको ३३८०१००३०३०१०००३ धरौटी खातामा जम्मा गरी सो को सक्कल भौचर संलग्न राखी वा राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकले जारी गरेको कम्तीमा १२० दिनको म्याद भएको बैंक जमानत पत्र राखी निर्दिष्ट स्थानमा बोलपत्र दाताले सहिछाप गरी मिति २०८१।०५।१९ गतेका दिन १२:०० बजे भित्र बोलपत्र दाखिला गरी सक्नु पर्नेछ । पेश हुन आएका बोलपत्रहरु सोही दिनको १:०० बजे यसै कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा बदर गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ । शर्त, बन्देज तथा थप जानकारीको लागि नगरपालिकाको सूचना पाटी/ Website- shitagangamun.gov.np मा हेर्न वा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**तपसील–**

| सि. नं. | ठेक्का नं. आ.व.२०८१/०८२ | स्थान/क्षेत्र | परिमाण (घ.मि.) | न्युनतम ठेक्का अङ्क रु.(मु.अ.कर बाहेकु) | फारम खरिद दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | 01-SM/R01/NCB/2081/082 | रनसिङ खोलाको किनार तिनखण्डे जुरौनी क्षेत्र, ४ वटा थुप्रोमा रहेको डम्पिङ परिमाण । | २६४५ | ७५००००।- | १०००।- | |



## Dhurkot Rural Municipality
### Office of the RuralMunicipal Executive
Barbot,Gulmi
Lumbini, Province, Nepal

## Invitation for Bids

First Date of publication: 2024-8-05

1.DhurkotRural Municipality Barbot, Gulmi invitation online bids through e-procurement system bidders for the Procurement Of :

| S. N | Contract Identification Number | Works of description | Bid Security amount Nrs | Estimated amount with VAT | Bid Security Validity Period | Bid document fee Nrs |
|---|---|---|---|---|---|---|
| 1 | ODRM-Gulmi -W-CB-01-081/82 | Construction Work ofBudrunge Netekateri MaidanBatule 4 No ward office RipaBarbot Road at dhurkot rural Municipality-1 Nayagau, and 04Jaisithok, Gulmi. | 170,000 | 67,94,707.75 | 120 days | 3,000 |
| 2 | ODRM-Gulmi-W-NCB-02-081/82 | Upgrading of Gulmi District Wagla Bazar AphraSadak. | 1,25,000 | 49,10,606.19 | 120 days | 3,000 |
| 3 | ODRM-Gulmi-W-NCB-03-081/82 | Construction Work of Galda AbuwaKhalikholaNadiBararukha Sadak, at Dhurkot rural Municipality-03 and 06, Gulmi | 1,70,000 | 67,89,504.27 | 120 days | 3,000 |
| 4 | ODRM-Gulmi-W-NCB-04-081/82 | Upgrading of Dhanarji-Bichitra guffa-Kalikasthan Road at Dhurkot Rural Municipality-5,Gulmi | 2,20,000 | 87,45,965.39 | 120 days | 3,000 |
| 5 | ODRM-Gulmi-W-NCB-05-081/82 | Construction work of Hadhade health post Birthing Center at Dhurkot Rural Municipality-3, Gulmi | 95,000 | 37,70,684.9 | 120 days | 3,000 |
| 6 | ODRM-Gulmi-W-NCB-06-081/82 | Construction Work of Ward office Training Hall at dhurkot rural Municipality-5, Bastu, Gulmi. | 27,000 | 10,10,651.53 | 120 days | 3,000 |

2. Date of purchasing, submission and opening of above mentioned bid is :

| Last date of submission of bid | Date of opening of bid | Bank account for Purchasing of bid document (DhurkotGa.Pa. Ga. 1.1 AntarikRajaswoKhata ) | Deposit cash for bid security (DhurkotGa.Pa. Ga. 3.1 SthaniyaTahaDharautiKhata) |
|---|---|---|---|
| 2024-09-04, 12:00 PM | 2024-09-04, 13:00 PM | LaxmiSunrise Bank Ltd, BarbotGulmi 0910501307703007 | LaxmiSunrise Bank Ltd, BarbotGulmi 0910501307701002 |

3.If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

4. Eligible bidders may obtain further infoat the office of Dhurkot Rural Municipality or may visit PPMO website www.bolpatra.gov.np/egp and www.dhurkotmun.gov.np.

5. Wholly or partially the right to accept or reject the bid document depends on the office of Dhurkot Rural Municipality and for further information contact on9857067917 ,9843589271.

**Chief Administrative Officer**



## बुटवल सुनचाँदी व्यवसायी संघ
बुटवल, रुपन्देही
मितिः २०८१/०४/२० को
सुनचाँदीको बजारभाउ
छापा सुन प्रति तोला : १,४८,३००
तेजावी सुन प्रति तोला : १,३८,२२५
चांदी प्रति तोला :१,८१०



## ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# टाइगर प्यालेसको क्यासिनोका कर्मचारी आन्दोलनमा

**लुम्बिनी संवाददाता**

*बुटवल*

रुपन्देहीको टाइगर प्यालेस रिसोर्टबाट निश्कासित कर्मचारीहरु श्रम अदालतको आदेश र रिसोर्टले गरेको सम्झौता कार्यान्वयनको माग गर्दै अनिश्चितकालीन धर्नासहित आन्दोलनमा उत्रिएका छन् । कर्मचारीहरुले रिसोर्टको गेटमै पत्रकार सम्मेलन गरी कर्मचारीका माग पूरा नगरेसम्म आन्दोलन जारी रहने घोषणा गरेका छन् । कर्मचारीको आन्दोलनलाई नेपाली कांग्रेस निकट ट्रेड युनियन कांग्रेसले समेत साथ दिएको छ ।

संघर्ष समितिका संयोजक चित्र भण्डारीले कोरोना कालमा रिसोर्टले एकैपटक करिब ४ सय जना कर्मचारीहरुलाई बिना जानकारी निकालेपछि आफूहरु श्रम अदालत गएको र आफूहरुको पक्षमा फैसला आएको बताए । कोरोनाकालमा श्रम अदालतको फैसला कार्यान्वयन नगर्दै रिसोर्ट बिक्री भएको र नयां व्यवस्थापनले निश्कासित कर्मचारी पुनर्वहाली गर्न आलटाल गरेको बताए ।

'श्रम ऐन अनुसार स्वामित्व हस्तान्तरण भएपनि नयाँ व्यवस्थापनले कर्मचारीको दायित्व लिनुपर्ने र रोजगारीमा पुनर्स्थापित गर्नुपर्ने व्यवस्था छ,'-भण्डारीले भने-'तर रिसोर्टले क्यासिनो सञ्चालनको जिम्मा नयां व्यवसायीलाई दिएर कर्मचारीलाई पुनर्वहाली गर्नुपर्ने अदालत र पुरानो व्यवस्थापन पक्षको सम्झौताबाट जोगिने प्रयास गरेको छ, त्यो सफल हुँदैन ।'

कर्मचारी संगठनका अध्यक्ष रोशन गुरुङले रिसोर्ट र क्यासिनो सञ्चालकले अदालतको आदेशलाई चुनौती दिँदै कर्मचारीको दायित्वबाट पन्छिने प्रपञ्च गर्नु आपत्तिजनक भएको भन्दै माग पूरा नभएसम्म कर्मचारी आन्दोलन नरोकिने बताए । तिलोत्तमा १५ स्थित टाइगर प्यालेस रिसोर्टमा रहेको क्यासिनो सञ्चालन गर्ने एसएचएल म्यानेजमेन्ट सर्भिसेज केटीएम प्रालिको नाममा सञ्चालन हुँदै आएको क्यासिनो अहिले अर्कै नामबाट चलाउने गरिएको कर्मचारीहरुको आरोप छ । कर्मचारीको समस्या समाधान नभई क्यासिनो सञ्चालन गरिएपछि नयाँ व्यवस्थापन टीमलाई समस्या थपिएको हो ।

यसअघि नै श्रमिकको मुद्दा समाधान गरेर क्यासिनो चलाउन पाउने समझदारी पर्यटन विभागमा यसको व्यवस्थापनले गरे पनि त्यसको बेवास्ता गरेपछि समस्या आएको कर्मचारीको भनाइ छ । यहाँका कर्मचारीले आफ्नो सेवासुविधा नपाएको विषय श्रमअदालतमा श्रमिकहरुको मुद्दा हालेपछि टाइगरले मुद्दा हारेको थियो । यो मुद्दा व्यवस्थापनले सर्वोच्चमा दिएपछि विचाराधीन छ । श्रम अदालतले गरेको फैसलामा यहाँ रहेका कर्मचारीलाई १२ देखि १५ लाखसम्म दिनुपर्ने फैसला गरेको छ, जुन कर्मचारीले बीचमा बन्द अवस्थामा रहेको समेत सेवा पाउनेछन् ।

संघर्ष समिति, ट्रेड युनियन, टाइगर वानबीच पटक-पटक सम्झौता भए पनि कार्यान्वयनमा नगएको भन्दै उनीहरुले सबै समस्या समाधान माग गरेका छन् ।

गतवर्ष यसभन्दा अगाडि सञ्चालन गर्दै आएको विदेशी कम्पनीले विदेशमै यसको बिक्री गरेपछि यसको वैधानिकताका विषयमा प्रश्न उठ्दै आएको छ । नयाँ व्यवस्थापन टिमको नेतृत्व गरेका चितवन घर भइ हाल अमेरिकामा बस्ने बुद्धिसागर सुवेदीको समूहले किनेको हो ।

पर्यटन विभागका अनुसार गत असारमा भएको सम्झौतामा श्रमको विषयमा श्रमिकहरुले पारिश्रमिक नपाएको भन्दै श्रम अदालतमा मुद्दा दायर गरेको विषयलाई टुंगोमा नपराउँदासम्म क्यासिनोको लाइसेन्स प्रक्रिया अगाडि नबढ्ने उल्लेख गरिएको छ । पुरानै कम्पनीमा नयाँ व्यवस्थापनले क्यासिनो चलाउँदा गैरकानूनी रुपमा चलाएको पाइए पनि स्थानीय प्रशासनले यसका ध्यान दिन नसकेको कर्मचारीहरु बताउँछन् । नयाँ व्यवस्थापनले अर्को क्यासिनोको नाम दर्ता गरे पनि उक्त नाममा लाइसेन्स नभएका कारण समस्या भएको छ । तर क्यासिनो चलिरहेको छ । यस सम्बन्धमा टाइगर वान प्रालिमा सञ्चालन हुँदै आएको क्यासिनोका प्रमुख रुपक गौतमलाई पटक पटक टेलिफोन सम्पर्क गर्दा सम्पर्कमा आएनन् ।




यहाँबाट निष्कासन गरिएका श्रमिकहरुसँग २०८० पुस १३ गते गरेको सम्झौता पत्रकोसमेत कार्यान्वयनमा चासो देखाएको छैन । श्रम अदालतले गरेको फैसला अनुसार क्षतिपूर्तिसहित प्रतिव्यक्ति १२ देखि १५ लाखसम्म कम्पनीले दिनुपर्ने भए पनि कर्मचारीहरुले कम्पनीको अवस्थालाई हेर्दै नयाँ व्यवस्थापन टिम (अमेरिकामा रहेका गैरआवासीय नेपालीले खरिद गरेको हालका टाइगर प्यालेस रिसोर्टका अध्यक्ष बुद्धिसागर सुवेदीको) सँग सम्झौता गर्दा प्रतिव्यक्ति राजीनामाको हकमा २ लाख ७० हजार र पुनर्बहालीको हकमा १ लाख ६५ हजार दिनुपर्ने सहमति गरिएको संघर्ष समितिका संयोजक चित्रबहादुर भण्डारीले बताएका छन् ।

राजीनामा दिएकाहरुलाई तत्कालै भुक्तानी दिनुपर्ने र पुनर्बहाली नभएकाहरुलाई किस्ताबन्दीमा दिनुपर्ने उल्लेख भए पनि हालसम्म कम्पनीले सम्झौतालाई कार्यान्वयन गरेको छैन । कोरोनाको बेला निष्कासन गरिएकाहरुमध्ये क्यासिनोमा ४३ जना र होटलतर्फ २२ जनालाई पुनर्बहाली गरिएकोमा अझैं क्यासिनोतर्फ १८ जना र होटलतर्फ चार जनालाई पुनर्बहाली गरिएको नगरिएको भण्डारीले बताए ।

उनका अनुसार आफूहरु अन्याय हुँदा पनि कतैबाट साथ नपाएको अवस्था छ । बक्यौता रकम दिनुपर्ने र पुनर्बहाली गर्नुपर्ने लिखित रुपमा सम्झौता भए पनि श्रमिकहरुलाई विभिन्न बहाना बनाउँदै सम्झौता कार्यान्वयन नगरेको पीडित श्रमिकहरुले दुःखेसो पोखेका छन् ।

१ लाख ६५ हजारको दरले ८७ जनाको बक्यौता पारिश्रमिक जोड्ने हो भने ३६ लाख ३० हजार ६५ हजार रुपैयाँ बक्यौता देखिन्छ । यता श्रम अदालतले गरेको फैसला हेर्ने हो भने निकालिएकोदेखि पुनर्बहाली गरेको समयसम्म खाइपाइ गरी आएको तलब गरी प्रतिव्यक्ति १२ लाख २५ हजार देखिन्छ ।

यसरी बक्यौता रकम जोड्ने हो भने १० करोड ६२ लाख ७५ हजार हुन आउँछ । तर स्थानीय स्तरमा पाँचतारे होटेल सञ्चालनमा रहेको र होटलको पछिल्लो अवस्था अत्यन्तै दयनीय भएको भन्दै पीडित श्रमिकहरुले होटलको अवस्था हेरेर आफूहरुले कम हिसाब गरे पनि तर टाइगर वान प्रालिले उक्त रकम समेत नदिने आलटाल गर्दै आएको संयोजक भण्डारीको भनाइ छ । २०८० पुस १३ गते युनियन र व्यवस्थापनबीच भएको सम्झौताको कार्यान्वयन गरी पाउँ भनि २०८१ जेठ २४ गते एउटा निवेदनसमेत दर्ता भएको पाइएको छ ।

उक्त रिट निवेदनबाट मुद्दा चल्दै गर्दा कम्पनीको स्वामित्व तथा व्यवस्थापन परिवर्तन भएको र नयाँ व्यवस्थापनसँग ट्रेड युनियनको बीचमा वार्ता भई २०८० पुस १३ गते विवाद समाधान तथा दाबी फरक सम्झौता भएको थियो । श्रमिकहरुसँग विवाद समाधान गर्ने सम्झौता भएको व्यहोरा खुलाएर कम्पनीले सो रिट निवेदन फिर्ता लिएको थियो ।

कम्पनीमा काम गर्ने अदित थापा समेतका केही श्रमिकहरुले पनि सोही विषयको अर्को मुद्दा श्रम अदालतमा दर्ता गराएको र सो मुद्दामा पनि श्रम अदालतले २०७८ असोज १ गते फैसला गरिदिएको थियो । सो फैसला उपर पनि कम्पनीले चित्त नबुझेको भन्दै सर्वोच्च अदालतमा रिट निवेदन गरेको र ट्रेड युनियनसँगको उक्त सम्झौता बमोजिम नै कम्पनीले सो मुद्दा आफैं फिर्ता लिएको थियो ।

दुवै मुद्दामा संलग्न रहेका सबै श्रमिकहरुलाई ट्रेड युनियनको सम्झौता बमोजिम नयाँ नियुक्ति हुन चाहने योग्य श्रमिकलाई सम्झौता बमोजिमको रकम उपलब्ध गराई कम्पनीले नयाँ रोजगारीमा राख्ने र नयाँ नियुक्ति नहुने श्रमिकलाई पनि सम्झौता बमोजिमको रकम उपलब्ध गराउने सर्त रहेकाले सोही बमोजिम नयाँ नियुक्ति लिन चाहने कर्मचारीले प्रक्रिया पूरा गरी नयाँ नियुक्तिले नियमित रोजगारीमा रहेको कम्पनीको भनाइ छ ।

नयाँ नियुक्ति नहुने श्रमिकहरुको हकमा सम्झौता बमोजिमको भुक्तानी लिएको कम्पनीको दाबी छ । तर गोविन्दप्रसाद गौतम र अर्का श्रमिक केशवराज पन्थीलगायतले सम्झौता बमोजिमको प्रक्रियाअन्तर्गत नियुक्ति भई काम गर्न वा नयाँ नियुक्ति नलिई सम्झौता बमोजिमको रकम भुक्तानी लिने भनि दिएको विकल्प छनौट गर्न कम्पनीमा उपस्थित नभएको टाइगर वान प्रालिका प्रमुख प्रशासकीय अधिकृत दिपक लेखकले दाबी पेश गरिएको श्रम रोजगार कार्यालयलाई दिएको जवाफमा भनिएको छ ।

तर श्रमिकहरुले भने कम्पनीले गलत दाबी पेश गरेको बताएका छन् । उनीहरुले आफूहरु निरन्तर नियुक्ति र बक्यौता रकम लिनका लागि धेरैपटक आग्रह गरे पनि कुनै सुनवाइ नगरेको बताएका छन् । लिखितरुपमा गरेको सम्झौतालाई लत्याउँदै टाइगर वान प्रालिले बक्यौता रकम श्रमिकहरुलाई दिन आनाकानी गरेको र नदिने मनसाय बनाएको उनीहरुको भनाइ छ ।

प्रालिले त्यहाँ कार्यरतपछि सेवाबाट हटाइएको विषयमा अदालतमा मुद्दा चलेको सर्वोच्च अदालतमा विचाराधीन रहेको मुद्दामा पक्ष रहेका र मुद्दामा नरहेका सबै श्रमिकहरुको तर्फबाट कम्पनी व्यवस्थापनसँग वार्ता गरी निजाहरुको तर्फबाट कम्पनी व्यवस्थापनसँग सम्झौता गर्न गठन गरेको अधिकार सम्पन्न युनियन वार्ता समिति २०८० मङ्सिर १७ को सहमतिपत्रमा संयुक्त संघर्ष समिति रहेको बताइएको छ ।

२०८० मङ्सिर १७ गते केही बुँदाहरुमा सहमति भएको र सोही सहमति पत्रलाई कार्यान्वयन गर्ने सन्दर्भमा वार्ता समिति र व्यवस्थापनको बीचमा २०८० पुस १३ गते शर्त तथा बन्देजसहितको विवाद समाधान तथा दाबी फरक सम्झौता भएको पाइएको छ ।

# वालिङमा बसाइँसरी आउनेको तुलनामा जाने तेब्बर



वालिङ (स्याङ्जा) । पछिल्लो दुई आर्थिक वर्षको तथ्याङ्क अनुसार यहाँको वालिङमा बसाइँ सरी आउनेको तुलनामा जाने तेब्बर देखिएका छन् । व्यक्तिगत घटना दर्ता प्रतिवदेनअनुसार वालिङमा पछिल्ला दुई आवमा एकहजार चार सय १७ जना बसाइँ सरेर गएका छन् भने चार सय ८१ जना बसाइँ सरी आएका छन् ।

वालिङ नगरपालिका पञ्जिकरण शाखाका 'फोकल पर्सन' नारायण रेग्मीका अनुसार आव २०७९/०८० मा दुई सय २२ घरधुरीका आठ सय १२ जना बसाइँ सरी गएका थिए । सोही आवमा ७५ घरधुरीका दुई सय ८४ जना बसाइँ सरी आएका थिए ।

आव २०८०/०८१ मा एकसय ८१ घरधुरीका छ सय पाँच जना बसाइँ सरी गएका छन् । सोही आवमा ५५ घरधुरीका एकसय ९७ जना बसाइँ सरी आएका छन् ।

वालिङ नगरपालिकाका केही वडामा बजार विस्तार भइरहेको छ । केही वडा ग्रामीण र भौगोलिक दृष्टिले विकट छन् । ग्रामीण तथा विकट क्षेत्रबाट बजारमा बसाइँ सर्ने र बजारमा बस्दै आएकाहरु ठूला शहर तथा विदेश जाने प्रचलन बढ्दै गएको हो ।

"स्वास्थ्य, शिक्षा र अन्य सुविधाका लागि ग्रामीण वडाबाट शहरी वडामा बसाइँ सरेर आउने र शहरी वडाबाट अन्यत्र बसाइँ जाने गरेको देखिन्छ", रेग्मीले भने-"समग्रमा नगरपालिकाभित्र आउनेभन्दा जाने बढी देखिएको छ ।" नगरका १४ वटा वडाबाट बसाइँसराइ गर्ने केही नगरभित्रकै एउटा वडाबाट अर्को वडामा गएको र धेरैजसो वालिङभन्दा अन्यत्र गएको तथ्याङ्क छ । वालिङमा उच्च शिक्षा, स्वास्थ्य तथा रोजगारीजस्ता कारणले गर्दा यहाँबाट बसाइँसराइ गरी अन्यत्र जाने गरेको नगर प्रमुख कृष्ण खाँणले बताए ।

"बसाइँसराइका मुख्य कारण स्वास्थ्य, शिक्षा, रोजगारी मुख्य हुन् भने अन्य कारण पनि हुन सक्छन्", उनले भने-"वालिङमा बसाइँ सरी आउनेभन्दा जाने धेरै हुनु पक्कै राम्रो कुरा होइन, यो गम्भीर विषय भएकाले यो छलफलको विषय बनाउनु जरुरी छ ।"

यहाँका नागरिकलाई वालिङमै रहने वातावरण बनाउन वालिङ नगरपालिकाकोतर्फबाट गर्न सकिने सबै प्रयास गर्न नगरपालिका प्रतिबद्ध रहेको उनले बताए ।

वालिङमा सुविधा सम्पन्न अस्पताल नहुनु, सिद्धार्थ राजमार्गलगायतका सहायक सडकको स्तरोन्नति नहुनु, उच्च शिक्षा अध्ययनकालागि विद्यालय नहुनु, पछिल्लो समय वालिङमा महङ्गी धेरै हुनु जस्ता कारण पनि यहाँबाट मानिस अन्यत्रै जाने गरेको हुनसक्ने अनुमान गरिएको छ ।





**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)

फोन:- ०७१५४२५७१

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्

**सम्पर्क:**

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि) यातायात मजदूर संघको भवनमा

फोन:-०७१-५५०२९३

मो.९८५७०३५३८०,९८४७१२३९५७

E-mail:ideapressbtl@gmail.com

**ट्वाइलेट सफा गराउनुहोस्**

**बुटवल सेनेटरी प्रा.लि.**

९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

**मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५**

**शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३**

**रियुस सेनेटरी ९८११४२८७३०**

**रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०**





सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com